सामुदायिक आत्मनिर्भर केन्द्र

# कृषि विकास रणनीतिको लेखाजोखा

# बहसमा आधारित सामग्री



## पृष्ठभूमि

आर्थिक वृद्धि, जिविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा र दीगो, आत्मनिर्भर कृषि प्रणालीको बिकास गर्ने उद्देश्यले नेपाल सरकारले कृषि बिकास रणनीति तयार गरेको छ । ब्यवस्थापिका संसद, किसान सञ्जाल, नागरिक समाज सहितको संलग्नतामा निर्माण गरिएको यस रणनीति कार्यान्वयनमा ल्याई समतामूलक रुपमा उच्च आय हासिल गर्दै ग्रामीण गरीबी निवारण गर्ने लक्ष्य राखिएको छ । बिकेन्द्रीकृत कृषि प्रसार सेवा, अनुसन्धान, सुदृढ सिचाई योजना, जमिनको प्रभावकारी उपयोग, कृषि सामग्रीमा पहुँच, बिउबिजन नीतिको कार्यान्वयन, मलखादको सहज आपुर्ति, उन्नत जातको पशुपालन, यान्त्रिक कृषि प्रणालीको बिकास गर्ने परिकल्पना गरिएको छ ।

दीगो बन ब्यवस्थापन र जैविक बिबिधताको संरक्षण गर्ने, उत्पादनको क्षेत्रमा कृषि बजार पाठशाला सञ्चालन गरि निम्न, मध्यम किसानहरुमा सेवा र सुचना पुर्‍याउने, पुर्वाधारको रुपमा सडक, सिचाई, बिधुत सञ्चार सेवा बिस्तार गर्ने लक्ष्यका साथ सरकारले कृषि बिकास रणनीति पारित गरेपनि धेरैले यसलाई नेपालको परिवेश सुहाउँदो सामग्री बनाउन नसकिएको भनी अलोचना गरिरहेका छन । भूमिहीन, सिमान्तकृत किसानको पक्षमा उपयुक्त नभएको, बजारीकरणलाई बढी महत्व दिईएको, ठूला किसानको पक्षमा मात्रै केन्द्रित गरिएको, दातृ निकायको प्रभावमा परेर ल्याईएको, नेपालको भुगोल, सामाजिक अवस्थाबारे अन्दाज नगरिएको, देश संघिय संचरनामा गईसके पनि एकात्मक राज्यब्यवस्था अनुसार बनाईएको, भूकम्पपछिको अवस्थालाई सम्बोधन गर्न नसकिएको जस्ता बिषयमा आलोचना भईरहेको छ ।

खासगरि खेतीमा आश्रीत किसान परिवारको जिविकोपार्जन र उत्पादनका साधनमा पहुँच बढाउने कुरा सुनिश्चित नभएको रणनीति आफैमा अपूर्ण छ । तथापी सरकार यसलाई कार्यानवयनमा लैजाने तयारीमा छ । त्यस क्रममै किसानका मुद्दा कसरी सम्बोधन गर्न सकिन्छ भन्ने निश्कर्ष निकाल्ने र सरोकारवालाहरुलाई

भूमिहीन, सिमान्तकृत किसानका सवालमा सोच्न बाध्य बनाउने अवस्था सिर्जना गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०७२ मंसिर ४ गते किसानको पक्षबाट कृषि बिकास रणनीतिको लेखाजोखा गर्ने गर्ने कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रममा बौद्धिक वर्ग, नीति निर्माता र कार्यान्वयन प्रक्रियामा समेत प्रभाव पार्ने ब्यक्तिहरुको सहभागिता रह्यो । मन्त्रालय र मातहतका निकाय तथा सम्पूर्ण किसानलाई समेत सहयोग पुर्‍याउने ब्यावहारिक कुराहरु छलफलका क्रममा आए । महत्वपूर्ण बिचारलाई सन्दर्भ सामग्रीका रुपमा सरोकारवाला र अधिकारवाला समुदायसम्म पुर्‍याउन यो प्रतिबेदन तयार गरिएको हो ।

लेखाजोखामा सहभागि बिद्वानहरुका बिचार र प्रयासलाई सिमान्तकृत किसानले समेत बुझ्न पाउने गरि प्रतिवेदनमा नेपाली भाषा र चलनचल्तीका शब्द प्रयोग गरिएको छ । सकभर फरक अर्थ नलाग्ने र बुझाईमा त्रुटी नहुने गरि अभिलेखन गर्ने प्रयास भएको छ । सुचनाको अवसरबाट टाढा रहेका ग्रामीण किसानले यसको माध्यमबाट कृषि बिकास रणनीतिको बिषयमा जानकारी पाउने आशा गरिएको छ । साथै यस सामग्रीले कृषि बिकास रणनीति कार्यान्वयनका क्रममा समुदाय र सरोकारवालामा आफ्नो सहभागिता एवं योगदान बढाउन तथा न्याय नपाएका किसानलाई हक दिलाउने प्रयास गर्न समेत सहयोग पुग्ने बिश्वास छ ।

लेखाजोखा कार्यक्रम अक्सफाम नेपालको सहयोगमा गरिएको हो । यसलाई उद्देश्यपरक बनाउन बिद्वान झलक सुवेदीले सहजीकरण गर्नु भएको थियो । प्रोफेसर डा. कैलाशनाथ प्याकुरेलले कार्यक्रमको अध्यक्षता गरि छलफललाई परिणाममुखी बनाउन सहयोग गर्नु भएको छ । माननीय कृषि बिकास मन्त्री हरिबोल गजुरलको सहभागिताले कार्यक्रमको औचित्य बढाएको छ । बिश्लेषक हरि रोक्काले कृषि बिकास रणनीतिबारे कार्यपत्र प्रस्तुत गरि आलोचनात्मक छलफलको वातावरण तयार पारिदिनु भयो । कार्यक्रमा किसान देखि सभासद र रणनीति निर्माण प्रक्रियामा सहभागि भएका किसान नेता तथा यसलाई अलोचनात्मक ढंगले

नियालीरहेका अगुवाहरुको सहभागिताले लोजाजोखा कार्यक्रम बिचारमूलक, सन्देशमूलक र दवावमूलक बन्न पुगेको थियो ।

**हरि रोक्का : कार्यपत्र प्रस्तुत**

कृषि बिकास रणनीति निर्माण हुन थालेपछि पहिलो मस्यौदा अध्ययन गर्न पाएको थिए । त्यससंगै कृषिको बिषयमा अध्ययन गरेका प्रोफेसर हेनरी राइस्टाइनको किताव पनि पढ्न पाए । त्यसपछि कृषि बिकास रणनीतिमा के सुधार गर्न सकिन्छ ? त्यसलाई हाम्रो राजनीतिमा जोड्न र अर्थतन्त्रको मुख्य पाटो बनाउन कसरी सकिएला भन्ने सोचेर पारित भईसकेपछिको दस्तावेज पनि अध्ययन गर्दै थिए । त्यही परिवेशमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले यस सन्दर्भमा अवधारणा पत्र तयार गर्ने जिम्मेवारी दियो । र मैले मुल्यांकनको दृष्टीकोणबाट पनि यसलाई अध्ययन गरे ।

इतिहासबाट कुरा शुरु गर्छु । सन १९९५ मा पन्ध्रबर्षे कृषि प्रसार योजना ( एपिपि) शुरु भएको थियो । त्यो बनाउँदा भारतमा भएको हरितक्रान्तिको अभ्यासलाई आधार बनाईयो । त्यो सफल भएन । त्यसको गहिरो बिश्लेषण हुनु पर्थ्यो । केही गरिएको पनि छ । तर यहाँ मुख्य समस्याको रुपमा बसाई सराई तथा १२ वर्षे जनयुद्धले लगानीमा परेको असर र सागग्री ढुवानी गर्न नसकिएको कुरालाई असफलताको कारण देखाईएको छ । साथै मल, बिउ, ओजार समयमै उपलब्ध गराउन नसकिएकाले ब्यवस्थापनमा कमजोरी भएको कुरा राखिएको छ । तर कृषि प्रसार योजना बनाउँदा र अहिलेको संरचना, बुझाई, ब्यावहारमा आएको परिवर्तनको बिषयमा बिश्लेषण गरिएको छैन । २०४६ साल र २०७२ सालको बीचमा वातावरण, संरचना, शिक्षा, जनचेतनामा आएको परिवर्तनको लोखजोखा गरिएन । कृषि क्षेत्रमा आएको परिवर्तन, सिद्धान्त, नवउदारवादी ब्यवस्थाले सिर्जना गरेको अवस्थाको पनि चर्चा गरिएन ।

कृषि क्षेत्रको रुपान्तरणका लागि यस रणनीतिले ग्रामीण क्षेत्रको गरीबि घटाउने, कृषि उत्पादनलाई ब्यापर सेवासंग जोड्ने, कृषिलाई सेवा र उद्योगसंग जोड्ने,

आत्मनिर्भर, दीगो, प्रतिस्पर्धि, समावेशी कृषि प्रणाली अपनाई उत्पादन बढाउने कुरा गरेको छ । कृषिलाई जिविकोपार्जन र खाद्य तथा पोषण सुरक्षासंग जोड्ने पनि भनेको छ । तर यो कसरी हुन्छ ? भन्ने स्पष्ट धारणा छैन । कार्यान्वयनमा आम मानिसको सहभागिता कसरी गराउने ? उनीहरुको सहभागिता आवश्यक होला कि नहोला ? भन्ने पनि स्पष्ट गरिएको छैन ।

रणनीति कार्यान्वयनका लागि सुशासन, उत्पादकत्व बृद्धि, बजारीकरण, प्रतिस्पर्धालाई आधार बनाईएको छ । त्यो कसरी हुन्छ भन्ने छैन । सुशासनको बिषयमा केही बोलेको छ । तर संघिय संरचनामा कस्तो सुशासन हुने ? लगानी कहाँबाट आउँछ ? अर्थ मन्त्रालयबाट हो कि? स्थानिय तहमा सेयर संकलन गर्ने हो कि ? कसरी हुन्छ भन्ने छैन ।

उत्पादकत्व बृद्धिका लागि कृषि क्षेत्रको अनुसन्धान र बिस्तार गर्ने, कृषि संसाधन उपलब्ध गराउने, प्राकृतिक स्रोतको दीगो उपयोगमा जोड दिने, जलवायु परिवर्तनबारे सचेत रहने, नीजि तथा गैसरसरकारी संस्था मार्फत पनि उद्यम सञ्चालन गर्ने,प्रत्येक गाबिसमा कृषि प्रसार केन्द्र स्थापना गर्ने कुरा छ । तर उत्पादनका साधनमा स्वामित्व कसको हुने ? जमिनमा किसानको पहुँच कसरी बढाउने भन्ने छैन । मुख्य कुरा छुटेको छ, जमिन नभएकाले कहाँ उत्पादन गर्ने ? त्यस्तै मोहीयानी समस्या समाधान गर्ने,जमिन टुक्रिनबाट बचाउने, बाढीपहिरोका कारण उत्पादनमा आईरहेको कमी न्युनिकरण गर्ने र भूउपयोग नीतिका आधारमा ब्यवस्थित गर्ने भनिएको छ । कसरी ब्यवस्थित गर्ने भन्ने खुलाईएको छैन ।

बजारीकरणको सन्दर्भमा कृषि उद्यमको कुरा गरिएको छ । यसका लागि उत्पादन कम्पनी, बजार, सहकारी, भण्डारण क्षेत्र, संकलन केन्द्र, आयातनिर्यात केन्द्र ब्यवस्थापन गर्न भौतिक तथा संस्थागत पुर्वाधार निर्माण गर्ने भनिएको छ । भ्यालुचेनको कुरा पनि राखिएको छ । तर त्यस्तो भौतिक पुर्वाधार निर्माण गर्नका लागि लगानी गर्ने कसले ? स्वामित्व कसको हुने ? संस्थगात पुर्वाधारमा सहभागिता कसको हुने ? आम किसानको प्रतिनीधित्व कसरी गराउने ? त्यसबाट

कसलाई कसरी फाईदा पुग्ने ? नियमन कसले गर्ने ? भन्ने छैन । यदि हामी संस्थागत संरचना समावेशी बनाउन सक्दैनौं भने हाम्रो काम पनि समावेशी, सहभागितामूलक हुन सक्दैन ।

प्रतिस्पर्धात्मक कृषि बिस्तारका लागि कडा परिश्रम हुनु पर्ने, नेपाललाई बिश्व मापदण्डमा कहाँ उभ्याउने भन्ने बिषयमा सुझबुझ हुनु पर्ने, उत्पादकत्व बृद्धि र प्रबर्द्धनका लागि दृढता हुन पर्ने उल्लेख गरिएको छ । यसको बिकासका लागि बजार र मुल्यको बिषयमा जानकारी लिन सक्ने, लगानीको लागि रेमिटेन्सको अवस्था थाहा पाउन सक्ने ब्यक्ति र नीजि क्षेत्रको संलग्नता गराउनु पर्ने आवश्यक्ता औंल्याईएको छ । नीजि संस्था र सहकारी मार्फत कृषि उद्यम प्रबर्द्धन गर्नु पर्ने कुरा पनि छ । तर यसको सैद्धान्तिक र बैचारिक आधार स्पष्ट छैन । शिक्षित ब्यक्ति र नीजि क्षेत्रलाई मात्रै प्राथमिकता दिने हो भने अहिले खेतीपातीबाट जिविका चलाउँदै आएका किसानको पक्षमा के काम हुन्छ ? अर्कोतिर अहिले शिक्षित मान्छे कृषि काम गर्न चाहँदैनन । कसरी उनीहरुलाई संलग्न गराउने ? यदि संलग्न भएपनि उनीहरु ब्यापारिक किसान हुन्छन । यसले नै स्पष्ट छ यो रणनीति कृषिको बजारीकरणका लागि हो ।

किसान अधिकारको कुरा पनि गरिएको छ । योजना निर्माण, कार्यक्रम निर्धारण, कार्यान्वयन र रणनीतिको नियमनमा पनि किसानको सहभागिता रहने कुरा छ । देशभर ४ हजार सामुदायिक कृषि प्रसार केन्द्र स्थापना गर्ने, बोर्ड अफ एग्रिकल्चर एलायन्स, भ्यालुचेन डेभलपमेन्ट एलायन्स, जिल्ला तहमा फूड सेक्युरेटी नेटवर्क बनाउने सोच छ । तर संस्थागत संरचनाहरुमा साना तथा महिला किसानको प्रतिनीधित्व कसरी सुनिश्चित हुन्छ ? भन्ने छैन । खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताको कुरा गरिएको छ । हाम्रो परिवेशमा केलाई खाद्य अधिकार भन्ने ? केलाई खाद्य सम्प्रभुत्ता भन्ने धारणा दिएको छैन । स्थायी प्रकारको किसान आयोग बनाउने कुरा छ तर त्यसमा आम किसानको सहभागिता कसरी हुन्छ ? भन्ने छैन ।

किसानलाई ३ किसिमले बर्गीकरण गरेको छ । बाणिज्यमा संलग्न किसान ( कमर्सियल) । जिविकामुखी किसान (सवसिट्यान्स) । भूमिहीन किसान (ल्याण्डलेस) । किसानहरुको बिज्ञान तथा प्रबिधिमा पहुँच पुर्‍याउन सबैको हितमा हुने गरि सामुदायिक कृषि प्रसार केन्द्र स्थापना गर्ने । मार्केट फर दी पूअर भन्ने सिद्धान्तका आधारमा बाणिज्यमा संलग्न किसानलाई सिचाई, औजार, प्रबिधि, भ्यालुचेन तथा निर्यात प्रबर्द्धनमा सहयोग पुरयाउने । जिविकामुखी किसानलाई लैंगिक, सामाजिक तथा भौगोलिक समावेशी सिद्धान्तका आधारमा सहयोग गर्ने । भूमिहीन किसानलाई खाद्य तथा पोषण सुरक्षा र बनजन्य उत्पादनमा पहुँच बढाई सहयोग गर्ने भनेको छ । यो आम भूमिहीन, सिमान्तकृत किसानलाई परनिर्भर बनाउने घोषित योजना नै हो । यसले प्रत्यक्ष रुपमा ब्यापारीलाई फाइदा गर्छ । समावेशी सिद्धान्तका आधारमा जिविकामुखी किसानलाई अलिकति सहयोग गर्छ । भूमिहीन, सिमान्तकृत किसानलाई मजदुर बनाउँछ । हैसियत बिग्रेको बनमा आश्रीत बनाई अस्थायी प्रकृतिको अवसर दिन्छ । उत्पादनका साधनमा ब्यापारिक किसानहरुको नियन्त्रण नै कायम गरि राख्छ । अशिक्षित र स्रोत साधनमा पहुँच नभएका किसानलाई भौतिक तथा संस्थागत संरचनामा पनि जोड्न सक्दैन ।

यस रणनीतिले कृषि रुपान्तरण प्रक्रियाबारे यस्तो भविष्यवाणी गरेको छ ।

- अधिकाँश ग्रामीण घरमूलीहरुले ग्रामीण वा शहरी गैरकृषि क्षेत्रमा रोजगारी प्राप्त गर्नेछन । यसको आधार स्पष्ट छैन । भूमिहीन तथा साना किसानहरुलाई कृषि पेशाबाट बिस्थापित गराउने सोचबाट प्रेरित छ ।
- निकै ठूलो संख्यामा घरमूलीहरु आकर्षक रोजगारी, आकर्षक ग्रामीण जिविकाको अभावको कारण या उच्च आम्दानीको रोजगारी प्राप्त गर्न निरन्तर बिदेशिने छन । यो कुरा पेज नं. ८ र ९ को बुँदा नं. ३३ मा छ । श्रमको भूमण्डलिकरणलाई ध्यान दिएर राखेको जस्तो लागेपनि अरु कुनै देशमा यस्तो ब्यवस्था देखिदैन । साना तथा भूमिहीन किसानलाई कृषिबाट बिस्थापित गराउने र बिदेशिन बाध्य बनाउने रणनीति हो ।

- कृषिको ब्यापारीकरणमा बृद्धि भएपनि यो अभियान सामान्यतया २ हेक्टर जमिन भएका साना किसानहरुकै अधिनस्थ रहने भनेको छ ।  यसले मध्यम वर्गका किसानलाई फाइदा पुर्‍याउने र जमिनमा उनीहरुकै स्वामित्व कायम राख्ने मनसाय देखाउँछ । साना तथा भूमिहीन किसानको अवस्थामा सुधार ल्याउने अवसर सिर्जना गर्दैन ।
- कृषि बिकास रणनीतिका कारण गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना गरि भूमिहीन तथा सिमान्तकृत किसानलाई समेटिने भनिएको छ । यो भूमि वर्तमान भूमि सम्बन्ध र संरचनालाई थाती राख्ने योजना हो । यसले जोताहा किसानहरको उत्पादनका साधनमा पहुँच पर्‍याउने कुरा गर्दैन ।

कृषि बिकास रणनीतिको प्रभावका बिषयमा पनि भविष्यवाणी गरेको छ ।

- ब्यापारिक किसानलाई प्रत्यक्ष रुपमा सिचाई, प्रबिधि, भ्यालुचेन र निर्यातमा सहयोग पुग्ने ।
- जिविकोपार्जनमुखी किसानलाई लैंगिक, सामाजिक तथा भौगोलिक समावेशीता मार्फत सहयोग पुग्ने । मोहीयानी हक, करार खेती, सहकारी खेती र नदी उकास जमिनको भोगाधिकार मार्फत जमिनमा पहुँच पुग्ने । लघु बित्त तथा कृषि बिमा मार्फत आर्थिक सहयोग पुग्ने ।
- भूमिहीन तथा सिमान्तकृत किसानलाई बनजन्य उत्पादन, साना तथा मझौला कृषि उद्यम र कृषि रोजगारी मार्फत सहयोग पुग्ने ।

समग्रमा यसको लक्ष्य, उद्देश्य र कृषि तथा भूमि स्वामित्वको आँकडालाई दाँजेर हेर्दा यो रणनीति बहुसंख्यक किसानको पक्षमा छैन । राष्ट्रिय जनगणना २०६८ ( सन २०११) अनुसार नेपालमा ५४ लाख ३७ हजार ३ सय २ घरपरिवार छन । जसमध्ये ४३ लाख ८ हजार ५ सय परिवार ग्रामीण क्षेत्रमा बस्छन । जमिन भएका घरधुरी ७३.०९ प्रतिशत अर्थात ४० लाख १८ हजार १ सय ६२ परिवार छन । यसले १४ लाख १९ हजार १ सय ४० परिवारसित जग्गाको स्वामित्व नभएको देखाउँछ । आधा हेक्टर (१० रोपनी वा १५ कट्ठा) भन्दा कम जग्गा भएका परिवार

५२.७ प्रतिशत अर्थात २८ लाख ६४ हजार ४ सय ५८ परिवार छन । उच्च स्तरीय बैज्ञानिक भूमि सुधार आयोगको प्रतिबेदन(२०१०) अनुसार भूमिहीन घरमूलीको संख्या २ लाख ८७ हजार १ सय छ । सिमान्तकृत किसान परिवारको संख्या ६ लाख ७० हजार छ । साना किसानको संख्या ६ लाख ४८ हजार छ । निम्न मध्यम वर्गीय किसानको संख्या ११ लाख ३१ हजार ५०० छ । मध्यम वर्गीय किसानको संख्या ९३ हजार ७ सय छ । ठूला किसानको संख्या ३ हजार ८ सय छ । यस तथ्यांकलाई बिचार गर्ने हो भने यो रणनीति मध्यम र ठूला किसानको लागि बनेको छ । यसले ९७ हजार ५ सय परिवारलाई मात्र फाईदा पुर्‍याउँछ ।

सुशासन अर्न्तगत नीतिगत प्रतिबद्धता, संस्थाहरुबीच समन्वय, एकीकृत योजना, प्रभावकारी कार्यान्वयनमा सहयोग, रणनीतिमा समानता र समावेशीता, प्रभावकारी नियमन, भ्याल्यु’चेन मेकानिज्मको योजना, कार्यान्वयन र अनुगमन, सिमान्तकृतका लागि पोषण तथा खाद्य अधिकार ब्यवस्थापन, उपलब्धि अनुरुप पुरस्कार, कृषि शिक्षा, अनुसन्धान र कृषि उद्यमको बिकेन्द्रीत ब्यवस्थापन, जमिनको क्षेत्रफल निर्धारण, सिचाई ब्यवस्थापन, सहज मुल्यमा कृषि संसाधनको उपलब्धता, सीड भिजन अनुरुप बिउ बिजनको उपलब्धता भनेको छ । तर मुलुकको बिद्यमान संरचना, उत्पादन सम्बन्ध फेरबदल गर्ने कुरा छैन । जसको कारणले कृषि क्षेत्र कमजोर भईरहेको छ । जमिनको बितरण तथा ब्यवथापन, संस्थागत संरचनाहरको चरित्रमा सुधार गर्ने कुरा छैन । २ हेक्टर भन्दा कम जग्गा हुने किसानको उत्थानबारे बिकल्पहरु समेटिएका छैनन । संघिय संरचनामा जाँदा संघ र प्रदेशबीचको सुशासन कस्तो हुने ? कुन निकायको भूमिका के हुन्छ भन्ने कल्पनासम्म गरेको छैन ।

उच्च उत्पादकत्व बृद्धिका लागि आधुनिक मलको ब्यवस्थापन गर्ने । यसको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायको खोजी, हाईब्रिड पशुपालन, आधुनिक कृषि औजारको प्रयोग, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन र मुल्यबृद्धिबारे जनचेतना अभिबृद्धिको योजना, दीगो कृषिका लागि असल अभ्यासमा जोड, परिपक्व भेटनरीको ब्यवस्थापन, बन ब्यवस्थापन गर्ने भनिएको छ । तर

एकीकृत योजना निर्माण, संस्थागत संरचनाका कठिनाई र व्यवस्थापन, उत्पादनका साधनमाथीको नियन्त्रणलाई उत्पादकत्व बृद्धिको आवश्यक्ता महसुस गरिएको छैन । साना र सिमान्तकृत किसान परिवारले चर्चेका जग्गाको उत्पादकत्व र ठूला जमिन्दारसंग भएको जग्गा वा उनीहरुको उत्पादकत्व क्षमताको तुलनात्मक अध्ययन भएन ।

ब्यावशायीकरणका लागि लगानीको वातावरण, करार खेतीको वातावरण, नयाँ कर ब्यवस्थापन, प्रतिस्पर्धि र माग अभिबृद्धि गर्ने बिमा ब्यवस्थापन, भ्यालुचेन तथा भ्यालुएडमा आधारित ब्यावशायिक कृषि फार्महरुको निर्माण, ग्रामीण सडक सञ्जाल बिस्तार, बजार, ग्रामीण बिधिुतीकरणलाई प्राथमिकता दिईएको छ । यसमा साना तथा सिमान्तकृत किसानहरुले अवसर पाउने ठाउँ देखिदैन । यसले कृषि क्षेत्रलाई बस्तुकरण गरेको छ ।

प्रतिस्पर्धाको बिकासका लागि बजार पुर्वाधार बिकास, साना र मध्यम खालको कृषि उद्यम सञ्चालन, खाद्य र कृषि उपजको निर्यात एवं प्रबर्द्धन, खाद्य बस्तुको सुरक्षा र गुणस्तर कायम गर्ने कुरा प्राथमिकतामा राखिएको छ । यसको आधार २०५८ को जनगणना बनाईएको छ । यस तथ्यांकले अहिलेको समस्या सम्बोधन गर्न सक्दैन ।

किसानमुखी कृषि रणनतिका लागि प्रश्न :

- कृषिको आधुनिकीकरणका लागि प्राकृतिक स्रोत (जल, जमिन र जंगल) तथा मानवीय शक्तिलाई प्रकृतिको उपहार मान्ने कि, उपभोक्ताका लागि खरीद बिक्रि हुने बस्तु ?
- कृषि क्षेत्रलाई स्वारोजगारको कर्मथलोको रुपमा बिकास गर्ने कि, फड्को मार्ने फड्केको रुपमा प्रयोग गर्ने ?
- जनचेतनाको बिस्तारसंगै शिक्षा र स्वास्थ्य क्षेत्रप्रतिको उत्सुकता जागेको बेला कृषि क्षेत्रको समग्र संचरनागत परिवर्तन गर्दै संस्थाहरुको

लोकतान्त्रिकरण, बजार व्यवस्थापनमा आफ्नै पहुँच पुर्‍याउने अवस्था सिर्जना गर्ने कि, पुरानै संरचनामा समायोजन खोज्ने ?

परिवर्तनको आवश्यक्ता महसुस गर्ने हो भने यो कृषि बिकास रणनीतिले भावीपिढीका लागि मात्र होईन, वर्तमानका सिमान्तकृत, गरीब, महिला घरमुलीहरुलाई पनि सम्बोधन गर्न सक्दैन ।

**प्रेम दंगाल : महासचिव, राष्ट्रिय किसान सञ्जाल**

हरेक चीजलाई सबैले आफ्नै पक्षबाट हेर्ने भएकाले कार्यपत्रमा आएका सुझाव स्वभाविक छन । तथापी यो राम्रो दस्तावेजको रुपमा आएको छ । यसलाई कार्यान्वयनको क्रममा अपडेट गर्ने प्रतिबद्धता पनि छ । त्यसैले किसानका मागहरु आवश्यक्ता अनुसार सम्बोधन हुने नै छन । सन १९९५ मा कृषि प्रसार योजना बनाउँदा पनि जिविकामुखी कृषि प्रणलीबाट आत्मनिर्भर हुने र कृषि उत्पादनलाई निर्यात गर्नसम्म पुर्‍याउने भन्ने थियो । तर त्यो भएन । अहिले हामी वार्षिक एक खर्बको खाद्यान्न आयात गरिरहेका छौं । अन्न, फलफूल, तरकारी, माछा मासु सबै आयात भईरहेको छ । कुल जनसंख्याको दुई तिहाई संख्या किसानको छ । राष्ट्रिय आयमा एक तिहाई योगदान कृषि क्षेत्रको छ । तर पनि हामी कृषिमा सफल हुन सकेनौं । यसबाट महसुस भयो कि, कृषि प्रसार योजना गलत ढंगले बन्यो ।

हामी अहिले निर्यात प्रबर्द्धन भन्दा आत्मनिर्भर हुने, साना किसान तथा कृषि मजदुरले रोजगारी पाउने कुरा गरिहेका छौं । आत्मनिर्भरताका कुरा गर्दा लोककल्याणकारी राज्यको अवधारणा अनुरुप हुन्छ । त्यसले नवउदारवादको बिरोध गर्छ ।

हामीले कृषि प्रसार योजना बनाउँदा भारतमा भएको हरितक्रान्तिलाई नै नक्कल गरेका थियौं । जुन कुरा हाम्रो परिवेश अनुसार बस्तुपरक थिएन । र हामी असफल भयौं । त्यसैले अहिले दीगो कृषि बिकासको परिकल्पना गरिएको छ । कृषि प्रसार

योजना बनाउँदा बिज्ञहरुले बनाए । सरोकारवालाहरुको सुझाव त के जानकारी समेत पाएका थिएनन । अहिलेको रणनीति बनाउँमा राष्ट्रिय किसान सञ्जाल, मूलधारामा रहेका राजनीतिक दलहरु, तिनका भातृसंगठनहरु, सहकारी महाँसंघ, गैरसरकारी संघ संस्थाका सुझाव समावेश गरिएको छ ।

राष्ट्रिय किसान सञ्जाले शतप्रतिशत ठीक छ भन्ने दावी गर्दैन । रणनीति निमार्ण शुरु भएको ९/१० महिनापछि मात्रै सहभागि भएको हो । केही काम हाम्रो सहभागिता नहुँदै पनि भईसकेका थिए । कृषिको लेखाजोखा गर्दा(एसिस्मेट रिपोर्ट बनाउँदा) हाम्रो सहभागिता थिएन । अहिलेसम्मको बिकास, उपलब्धि, चुनौतीको बिषयमा पहिले नै प्रतिबेदन तयार भईसकेको थियो । तर पनि हामीले आफ्नो सहभागिता पछि कृषि क्रान्तिको सिद्धान्त अनुसार धारणा अगाडी सार्‍यौं । सहमति पनि भयो ।

कृषि प्रसार योजनामा भूमिको कुरा जोडिएन भन्ने कुरा सही हो । त्यति मात्र होईन, मल, बिउ, प्रबिधको कुरा पनि सम्बोधन हुन सकेन । प्रयासै नभएको पनि होईन । दताहरुले सहयोग नगरेपछि सफल भएनौं । किसानलाई दिने अनुदान ब्यवस्थित गर्न सकिएन । मलको सहज आपुर्ति भएन । उन्नत जातका बिउबिजन प्रयाप्त मात्रामा उपलब्ध गराउन सकिएन । नयाँ बिउहरुमा असफल भयौं । धान पसाएन । मकैमा दाना लागेन । यसको कारण बस्तुगत आधारमा बिउबिजन उत्पादन नहुनु नै थियो । हाम्रो भौगोलिक अवस्था, वातावरण, खेती प्राणाली अनुसारको ब्यवस्थापन गर्न सकिएन । बाहिरबाट कृषि सामग्री खरीद गर्दा सरकारले १५ प्रतिशत कृषि सुधार शुल्क लिने भनेको थियो, त्यो पनि हटाउनु पर्ने स्थिति आयो । उत्पादनको मुल्य तोकिएको थियो, कार्यान्वयन भएन । कृषि श्रमिकहरु पलायन हुने अवस्था आयो ।

मलको सहज आपुर्ति भएन । गुणस्तरमा समस्या देखियो । सममै नपाउने समस्या झेल्यौं । पशुधनको बिमा गर्न सकिएन । आफ्नो देशको वातावरण, चाहना, भूगोल, बिकासको स्तर अनुसार बिउबिजनको बिकास र प्रबर्द्धन गर्न सकिएन ।

हाईब्रिड मात्रै भनेर बस्यौं । कृषि ऋण सहज उपलब्ध भएन । कृषि प्रसार योजना कार्यान्वयनमा किसानको प्रतिनीधत्व पनि भएन ।

कृषि बिकास रणनीतिमा आर्थिक बृद्धि, जिविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा हासिल गर्न प्रतिस्पर्धि, दीगो र आत्मनिर्भर कृषिको परिकल्पना गरिएको छ । यसलाई कसरी सम्पन्न गर्ने, किसानको सहभागिता कसरी बढाउने ? भन्ने बिषयमा सोच्नुपर्छ । यसले गरीबी निवारण गर्ने, समतामूलक रुपमा उच्च आय हासिल गर्ने परिकल्पना गरेको छ । किसानलाई सर्वोपरि ठानेको छ । योजना निर्माण, कार्यान्वयन, अनुगमन प्रक्रियामा किसानको संस्थागत, बैधानिक र नीतिसंगत प्रतिनीधित्वको परिकल्पना गरिएको छ ।

कृषि क्षेत्रमा देखिएका नीतिगत अबिश्वसनियता घटाउन सुशासनको कुरा गरिएको छ । नेतृत्व परिवर्तन हुनासाथ नीति परिवर्तन हुने, त्यसको पनि प्रभावकारी कार्यान्वयन नहुने, एकीकृत नीति र योजना बनाउन नसकिने, नियमित अनुगमन नहुने समस्या सम्बोधन गर्न सुशासनलाई महत्व दिईएको छ ।

किसानहरुको क्षमता अभिबृद्धि र सहभागिताको सुनिश्चित गर्न कृषि, वातावरण, खाद्य सुरक्षा, जलवायु परिवर्तन, प्राकृतिक स्रोतको सवालमा काम गर्ने नागरिक समाजलाई संलग्न गराईएको छ । उत्पादन बृद्धिका लागि बिकेन्द्रीत कृषि प्रसार सेवा, विकेन्द्रीत अनुसन्धान प्रणालीको परिकल्पना गरिएको छ । बजेट बृद्धि गर्न प्रतिबद्धता गरिएको छ । सुदृढ सिचाई योजना, जमिनको प्रभावकारी उपयोग, कृषि सामग्रीमा पहुँच, बिउबिजन नीतिको कार्यान्वयन, मलखादको सहज आपुर्ति, उन्नत जातको पशुपालन, यान्त्रिक कृषि प्रणलीको बिकास गर्न खोजिएको छ । किसानलाई क्षतिपुर्ति दिने, असल कृषि अभ्यासमा जोड दिने, दीगो बन ब्यवस्थापन र जैविक बिबिधताको संरक्षण गर्ने, उत्पादनको क्षेत्रमा कृषि बजार पाठशाला सञ्चालन गरि निम्न, मध्यम किसानहरुमा सेवा र सुचना पुर्‍याउने, ग्रामीण बिधुतीकरणमा जोड दिने, पुर्वाधारको रुपमा सडक, सिचाई, बिधुत सञ्चार सेवा पुर्‍याउन लक्ष्य राखिएको छ ।

रणनीतिमा प्रतिस्पर्धा, गुणस्तर र शिक्षाका कुरा गरिएको छ । किसान अधिकारको सुनिश्चितताका लागि उच्च स्तरीय अधिकार सम्पन्न स्थायी प्रकारको किसान आयोगको परिकल्पना गरिएको छ । किसानहरुको हक हित र मर्यादाका लागि किसान कानून बनाउने, किसानका एलान्सहरु बनाउने, खाद्य सुरक्षा ऐन बनाउने, नीति निर्माण तहमा किसानको प्रतिनीधित्व गराउने कुरा सुनिश्चित गरिएको छ । कृषि क्षेत्रमा प्रत्यक्ष रुपले बैदेशिक लगानी गर्न नहुने कुरा स्वीकार गरिएको छ । पुर्नउत्पादन दिन नसक्ने बाली र बिउबिजनमा प्रतिबन्ध लगाईएको छ ।

**उद्धव अधिकारी : अध्यक्ष, राष्ट्रिय कृषक समुह महासंघ**

मैले कृषि बिकास रणनीतिलाई मिनि संबिधान भन्ने गरेको छु । किसानको पक्षमा यति धेरै कुरा लेखिएको सरकारी दस्तावेज यो नै पहिलो हुनुपर्छ । यसका लागि राष्ट्रिय किसान सञ्जाल धन्यवादको पात्र छ । कृषिमा लगानी गर्दा निर्वाहमुखी किसान र ग्रामीण किसानलाई पनि सहयोग पुग्ने गरि रणनीति आएको छ । यो सकारात्मक कुरा हो । नीति कार्यान्वयनमा किसानको सहभागिताका लागि किसान अयोग बनाउने, कृषि उत्पादनको न्युनतम् मुल्य तोक्ने कुरा पनि महत्वपूर्ण छन ।

धेरै कुरा सकारात्मक भएपनि केही समस्या छन । भौचर सिष्टमको कुरा छ । त्यसमा किसानले तोकिएको पसलबाट सामान खरीद गर्नु पर्ने भनेको छ । यसो हुँदा बजारको भन्दा त्यहाँ महंगो पर्छ कि कि भन्ने डर छ । यसले खाद्य अधिकार र खाद्य सम्भुत्ताको कुरा पनि गर्छ, ब्यावशायीकरण पनि भन्छ । यि फरक फरक पद्दती हुन । कसरी तालमेल हुन्छ ? ड्राफ्ट तयार गर्दा नेपाल सरकारका लागि बनाईएको भन्ने थियो, अहिले कृषि बिकास मन्त्रालयका लागि भन्ने छ । यदि यो कृषि मन्त्रालयको मात्र दस्तावेज हो भने अरु मन्त्रालयको सहयोग कसरी हुन्छ ? भन्नेमा स्पष्टता छैन ।

स्थानिय तहमा ४ हजार सामुदायिक कृषि प्रसार केन्द्र बनाउने कुरा छ । अहिले गाबिसको सख्या घटेको छ । नगरपालिकाको संख्या बढेको छ । नगरपालिका वा त्यसका वार्ड तहको संरचनाको बिषयमा सोचिएको छैन । स्थानिय तहमा कम्तिमा

एक जना कृषि प्राबिधिक पठाउने, त्यही क्रियाशील किसान संघ संगठन, कृषि सहकारी र संस्थाहरुको सहभागितामा संरचना बनाउने नीति लिएको भए अझ ब्यावहारिक हुन्थ्यो ।

यसमा किसानले पाउने अनुदान हटाउँदै जानु पर्ने कुरा लेखिएको छ । यदि त्यसो भएमा हाम्रो कृषि दीगो कसरी हुन्छ ? प्रतिस्पर्धि कसरी हुन्छ ? सस्तोमा भारतीय उत्पादन आउने भएकाले अहिले नै किसान घाटामा छन । यहाँको उत्पादनले कसरी मुल्य पाउँछ ? खेतीयोग्य जमिनलाई औपचारिक अनौपचारिक रुपमा नीजिकरणमा लैजाने,  अहिले कृषिमा लागेका जनशक्तिलाई अन्य राजगारी दिने भनिएको छ । त्यो रोजगारी दिने ठाउँ कहाँ हो ? स्पष्ट भएन । ब्यापारिक कृषिलाई बढावा दिने प्रक्रियाले हजारौं वर्षदेखि खेतीपातीलाई जिविकाको आधार बनाउँदै आएका भूमिहीन, सिमान्तकृत किसान बिस्थापित त हुँदैनन ? यसमा खाद्य सुरक्षाको कुरा गरिउको छ । तर आफै उत्पादन गर्ने नभई किनेर आपुर्ति गर्ने मनसाय देखिन्छ । ब्यापारिक कृषिमा जोड दिईएको छ ।

**ल्याम बहादुर दर्जि : अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

म किसान । धान काटेर थाकेको छु । आफ्ना कुरा राख्न पाउने आशमा रातभरी नसुतेर कृषि बिकास रणनीति पढे । घरबाट बाटोमा आउँदा पनि किसानका दुःख पिडा हेर्दै आए । बिज्ञ साथीहरुले मेरा कुरा सुनिदिनु हुनेछ । बटोमा हेर्दे आए । कोहीसंग जोत्ने जग्गा छ गोरु छैन । गोरु छ जोत्ने मान्छे छैन । हाते टेक्टर छ, तेल छैन । खेतीपातीमा महिलाहरु मात्र भिडेका छन । कृषिको बोझ जति महिलाको जिम्मेवारीमा छ ।

हाम्रो देश कृषि प्रधान देश । हाम्रो पहिचान किसान । कृषि बिकास रणनीति बनाउन करोडौं खर्च भएको छ । केही मोटाएका पनि होलान । किसानले केही पाएका छैनन । हाम्रो हातमा ठेला मात्रै छन । यहाँ दुई थरी किसानको कुरा हुँदैछ । एकथरी किसान राम्रोसित लेख्न पढ्न जान्ने, हलो जोत्न नजान्ने, कोदालो खन्न नसक्ने, दूध कहाँबाट आउँछ भन्दा डेरीबाट भन्ने । अर्कोथरी हामी किसान बिहान

४ बजेर उठेर भकारो सोहर्ने, गाईबस्तु स्याहार्ने, दूध दोएर बच्चाबच्चीलाई खुवाएर अरु काममा हिड्ने ।

सम्झिदै आए, म जस्ता भूमिहीन किसानको ठाउँ कहाँ हो ? न जग्गा छ । न जागिर छ । न शिक्षा छ । न ब्यापार ब्यावशाय । तर जिविका खेती गरेरै चलेको छ । गुठी पिडित, बिर्तापिडित, मोहीपिडित, बाढीपिडित सबै हामी नै छौं । हामीले जग्गा पाउने कुरा पनि कृषि रणनीतिमा लेखिएला ? जमिन हुने यति फाइदा पाउने भन्ने अनुमान गरिएको छ । जमिन नहुनेलाई मजदूर बनाउने कल्पना गरिएको छ । हामीलाई कृषि श्रमिक, हलि, गोठाला हुन र खाडी मूलुकमा गएर ४२ डिग्रीको तामक्रममा बस्न रहर छैन । हामीले भोगको छौं, नीति धेरै बन्छन तर गरीबकहाँ पुग्दैनन । देशभित्र भएका प्राकृतिक स्ोत साधन, त्यसको बितरण भएको न्याय अन्याय र छिमेकीसितको सम्बनध समेत बिचार गरि खाद्यान्नमा आत्मनिर्भर हुने नीति बन्नुपर्छ ।

**रक्षा शर्मा : अक्सफाम नेपाल**

राण्नीतिमा उत्पादन भएपछि मुखसम्म पुग्ने कुरालाई महत्वका साथ उठाईएको छ भने त्यसअघिका कुरालाई बेवास्ता नै गरिएको छ । सन १९९५ मा कृषि प्रसार योजना बनाउँदा प्राबिधिक कुरामा मात्रै ध्यान दिई सामाजिक वातावरण हेरिएको थिएन । त्यस्तै अहिले भएको देखियो । ब्यापारिक सोचबाट रणनीति तयार गरिएको छ । साना किसान र महिला किसानसंग लगानी छैन भन्दै २० रोपनी भन्दा बढी जमिन भएका किसान मात्र प्राथमिकतामा राखिएको छ । उनीहरुमाथी भएको लगानीले खाद्यान्न निर्यात हुन्छ र ग्रामीण क्षेत्रका सिमान्तकृत किसानले रोजगारी पाउँछन भन्ने परिकल्पना गरिएको छ । तर यसले ८ लाख ४३ हजार किसानलाई मात्र समेट्छ । बाँकी ७५ प्रतिशत किसान अन्यायमा पर्छन भन्ने कुरा बिचार गरिएको छैन ।

खाद्य अधिकारको मापदण्ड निर्धारण गरिएको छैन । यसले धनी र गरीबबीचको खाद्य अधिकारमा हुने भिन्नताको खाडल बढाएर लैजाने देखिन्छ । समानता,

समावेशीताका कुरा गरिएपनि महिला किसानलाई कृषि मजदुरका रुपमा मात्र कल्पना गरिएको छ । समुदाय तहदेखि केन्द्रसम्मका संरचनाहरुहरुको क्षमता अभिबृद्धिमा जोड दिएपनि त्यसबाट खासै किसानले फाईदा पाउने देखिदैन । उनीहरुको अर्थपूर्ण सहभागितालाई ध्यान दिईएको छैन । किसान आयोग लगायतका संरचनामा पनि खेतीमा काम नगर्ने किसानहरुकै बर्चस्व रहने सम्भावना छ । संरचना बनाउने, कर्मचारी राख्ने कुरा स्पष्ट छ । तर त्यसबाट आउने परिणामको बिषयमा स्पष्ट सोच छैन ।

किसानले हरेक कुराको जानकारी पाउने र त्यसमा प्रतिक्रिया दिन सक्ने संचरना निर्माण गरिनुपर्छ । सबै तहका किसानलाई समेट्नुपर्छ । जवकी यस रणनीतिमा एउटै किसिमको किसानलाई बढी प्राथमिकतामा राखिएको छ । भ्यालुचेनमा सबै प्रकारका किसान सहभागि गराउने कुरा त छ । तर त्यसका लागि आवश्यक पर्ने उर्जा र आपुर्तिको बिषयमा आँकलन गरिएको छैन । हाम्रो जस्तो सानो र फरक फरक खालको भूबनोट भएको देशमा आधुनिक कृषिका नाममा कामै नलाग्ने औजार थुप्रिन्छन की भन्ने चिन्ता पनि छ । दुई पांग्रे यन्त्र ल्याउँदा कर छुट दिने भनिउको छ । तर त्यसको सट्टा देशभित्रै औजार निर्माण गर्ने कुरामा बिचार गरिएन । त्यो अझै राम्रो र दीगो हुन्थ्यो । माटो, संस्कृति र भुगोल सुहाउँदो पनि हुन्थ्यो । बिउ अनुसन्धान केन्द्रको क्षमता बढाउने र स्थानिय बिउ उत्पादन गर्ने कुरा पनि छ । अर्कोतिर उपयुक्त बिउ टेष्ट गरि हाईब्रिड बिउ ल्याउने कुरा पनि । यसले स्थानिय बिउलाई प्रतिस्थापन गराउँदैन भन्ने ग्योरन्टी हुँदैन ।

अन्तर मन्त्रालय समन्वयका लागि राष्ट्रिय योजना आयोगको काम परिमार्जन गर्ने कुरा छ । तर पहल कसले गर्ने ? भन्ने छैन । नयाँ संबिधान नबन्दै संशोधन गर्ने कुरा यसैमा भनिएपनि अहिलेसम्म केही पहल भएको छैन । हरेक २ वर्षमा बृहत जनचेतना अभियान चलाउने भन्ने छ । अहिलेसम्म नेपाली प्रकाशन समेत हुन सकेन । बिश्वले अर्न्तराष्ट्रिय माटो वर्ष, जैविक संरक्षण, दीगो कृषि प्रबर्द्धनको कुरा गरिरहेका बेला हामीले पनि नेपालको भुगोल, संस्कृति सुहाउँदो अर्गानिक खेती प्रणाली अपनाई कृषि पर्यटनको कुरा समेत जोड्न सक्नुपर्छ । किसानको वर्गीकरण

जमिनको आधारमा नभई सामाजिक स्थिति, संस्कृती, र जिविकाको आधारमा हुनुपर्छ ।

**धर्म दत्त देवकोटा : पुर्व सदस्य, उच्च स्तरीय भूमि सुधार आयोग**

कृषि प्रसार योजना बनाउँदा पनि म सहभागि थिए । अखिल नेपाल किसान संघको अध्यक्ष अमृत कुमार बोहरा र त्यसको सचिवालय सदस्य म, बेला बेलामा सुझाव दिन जान्थ्यौं । किसानमुखी बनाउने कि, बजारीकरणमा आधारित बनाउने भन्ने बिषयमा सुझाव लिन केही प्रश्नावली पनि बनाईएको थियो । केही सुझाव पनि लिईयो । तरपनि त्यो नवउदारवादी नै बन्यो । कार्यान्वयनमा पनि समस्या भएकाले असफल भयो ।

कृषि बिकास रणनीति बनाउन राष्ट्रिय किसान सञ्जाललाई सहभागि गराउने कुरा सह्रानिय रह्यो । कृषि प्रसार योजना असफल भएको कुरा हामीले पहिले देखि नै उठाउँदै आएका थियौं । हरिबोल गजुरेलको नेतत्वमा भएको उच्चस्तरीय बैज्ञानिक भूमि सुधार आयोगमा कृषि मन्त्रालयका प्रतिनीधि सुझाव दिन जाँदा हामीले कृषि क्षेत्रमा दलाली भएको कुरा उठाएर सजग पनि गराएका थियौं । भनेका थियौं, किसान सञ्जालहरु मार्फत कार्यक्रम नगएमा कृषि योजना वास्तविक किसानसम्म पुग्न सक्दैन । अहिले त्यो कुरालाई कृषि बिकास रणनीतिले सम्बोधन गर्ने प्रयास गरेको छ । यसमा संसदको कृषि तथा जलस्रोत समितिको पनि भूमिका छ । हामीले ३९ बुँदे सुझाव दिएका थियौं । आज उठाईएका प्रश्न त्यसमा पनि समावेश थिए । त्यसको खोजी गरौं । हाम्रो प्रबृति मुद्दा उठाउने । कार्यान्वयनमा नजाने छ । भूमि सुधारकै सन्दर्भमा पनि हामी यो भएन, त्यो भएन भन्नेमै छौं । हामीले भनेजस्तो नभएपनि केही त होला भन्ने सोचबाट अगाडी बढ्नु पर्छ । त्यसले अलिकति भएपनि सामाजिक सुधार ल्याउँछ ।

रणनीतिमा कमि कमजोरी छन । त्यसलाई कार्यान्यनमा लगेर सुधार गर्दै जानुपर्छ । राजनीतिक ब्यवस्थामा मात्र लोकतन्त्र आएर हुँदैन । प्रशासनिक ब्यवस्था पनि लोकतान्त्रिक बनाउँदै जानुपर्छ । नीति निर्माण, कार्यान्वयन, अनुगमन, मुल्यांकन र

पुनःयोजना निर्माणमा सरोकारवालाहरुको सहभागिता गराउँदै जानु पर्छ । यसले कार्यान्वयन राम्रो हुन्छ । पारदर्शिता हुन्छ । भ्रष्टाचार कम हुन्छ । साँचो लोकतन्त्र पनि आउँछ ।

**बलराम बास्कोटा : उपाध्यक्ष, अखिल नेपाल किसान संघ**

राजनीतिक अस्थिरता भएका बेला कृषि ब्यवस्थालाई छिन्नभिन्न गर्ने उद्देश्यले कृषि बिकास रणनीति बनाउने योजना आएको थियो । हामीले ६ महिनापछि यसको जानकारी पायौं र तालाबन्दी गर्नेसम्मको प्रक्रियामा गयौं । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई भेटेर आफ्ना माग राख्यौं । उहाँलाई समेत यो कुरा थाह रहेनछ । कृषि मन्त्रीलाई बोलाएर छलफल भयो । हामी पनि सहभागि भयौं । दाताले यतिसम्म सोचेको रहेछ कि, दलहरु केही जान्दैनन । गैरसरकारी संस्थाहरुलाई आर्थिक सहयोग मार्फत आफ्नो पक्षमा ल्याउन सिकि हालिन्छ । हामी दुबै पक्ष सचेत रहेकाले मात्र यतिसम्म पनि किसानको पक्षमा बनाउन सकिएको हो । कृषि प्रसार योजनाका असफलता पनि हेरिएको छ । बस्तुस्थिति फरक हुनासाथ कार्यनीति फेरिने भएकाले २४ घण्टाभित्रै कार्यन्वयन प्रक्रिया फेर्न सकिन्छ भन्ने मनसायले यो नीति बन्यो । यसलाई अपरिवर्तनीय बुझ्नु हुँदैन ।

यसका केही सुन्दर पक्ष पनि छन । दताहरुले बिदेशी बिज्ञ ल्याएर बनाउने भनेको थियो तर हामीले आफ्नो देशको परिवेश अनुसार आफै बनाउँछौं भन्यौं । र किसान अधिकार सुनिश्चित गर्ने खालको नीति बनायौं । यसले कृषिमा प्रत्यक्ष बैदेशिक लगानी हुन नदिने कुरा गरेको छ । बहुउद्देशीय कम्पनिहरुको एकाधिकार कम गरेको छ । खाद्य सम्प्रभुत्ताको अवधारणा बिकास गरेको छ ।

राष्ट्रिय किसान सञ्जालको सहभागितामा बनेकाले यसमा राजनीतिक प्रतिनीधिको सहभागिता भएको छ । जुनसुकै पार्टीको सरकार भएपनि सबैका बिचार, धारणा समावेश हुने वातावरण बनेको छ । भ्यालुचेन अर्न्तगत किसानलाई आलीदेखि थालीसम्मको प्रक्रियामा सहभागि गराउने भनिएको छ । दाताको एकाधिकार छिनिएकाले यसमा हाम्रो भूमिका बढ्न गएको छ ।

**गणेश शाह : पुर्व मन्त्री**

कृषि क्षेत्रमा दुई खालका समस्या छन । एउटा समस्या राजनीतिक परिवर्तनले कृषि क्षेत्रलाई ध्वस्त पारेको । नयाँ ब्यवस्थापछि कृषि पेशाप्रतिको आकर्षण घट्दो छ । अर्को भूमण्डीकरणले हाम्रो कृषि क्षेत्र कमजोर हुँदै गएको छ । हाम्रो उत्पादनले प्रतिस्पर्धा गर्न सकिरहेको छैन । मधेशको कृषि समस्या कृषि मजदुरको अभाव हो । पढेलेखेका मान्छेले हलो जोत्नु हुँदैन भन्ने सोच छ । बिदेश जाने प्रबृति बढी छ । धनी र मध्यम किसान खेती गर्न चाहदैन । बरु भएको जगगा बेचेर अरु ब्यावशाय गर्न तिर लाग्छ । श्रमिक किसानहरु आफ्नो जीवन भन्दा गोरुको जीवन राम्रो देख्छन । गोरुले नजोतेको दिन पनि खान पाउँछ । बिरामी परे उपचार हुन्छ । किसानले काम नगरे खान पाउँदैन । उपचार पनि हुँदैन । किन खेती गर्ने ? भन्ने सोच छ । खेती गर्ने साना किसान हो । उनीहरुले सधैं ब्यापारी र सरकारसंग लड्नु परेको छ । न समयमा मल पाउँछ । न बिउ पाउँछ । न प्रबिधिको ज्ञान सीप छ । न लगानी छ । खेती गरेर प्रगती नै नहुने भएपछि किन खेती गर्नु ?

तराईमा कृषि उत्पादन बढाउने हो भने साना किसानको समस्या सम्बोधन हुनुपर्छ । आफ्नो उत्पादन भन्दा भारतबाट आउने कृषि उपज सस्तो हने भएकाले पनि खेती गर्ने चलन घटेको छ । हाम्रो कृषि प्रणाली पनि बिरामी अवस्थाको छ । धान खेती गर्‍यो, एक दुई वर्षमै घाटा लाग्छ । उखु खेती गरयो, चिनी कारखाना बन्द भईदिन्छ । यसले किसानलाई निरुत्साहित गरिरहेको छ । अव सामन्तवादबाट पुजिबादमा जाने कि, यथास्थितिमा रहने ? राजनीतिक परिवशेले भूमि सुधारको मुद्दा सम्बोधन गर्ने अवस्था दखिदैन । बिकल्प सोच्नुपर्छ ।

**मा. काँशीनाथ अधिकारी : संसदको जलस्रोत तथा कृषि समिति सदस्य**

गैरसरकारी संस्था, राष्ट्रिय किसान सञ्जाल र संसद समेतको संलग्नतामा तयार गरिएको पहिलो दस्तावेज होला, कृषि बिकास रणनीति । यसमा समस्या भएपनि एक पूर्ण दस्तावेज हो । म कृषिको बिद्यार्थी हो । किसानको छोरा पनि । किसानकै पक्षमा लागेर काम गरेको राजनीतिक कार्यकर्ता बने । पञ्चायतकालको भूमिगत कार्यकर्ता पनि हो । मलाई कृषि प्रसार योजना पनि धेरै नराम्रो लाग्दैन । कार्यान्वयन कमजोर भयो । यो रणनीति राम्रो छ तर कार्यान्वयन कसरी होला भन्ने चिन्ता छ ।

हामी कृषिमा पुर्ण रुपले आत्मनिर्भर हुने कुरा सोचिरहेका छौं । त्यो सम्भव छैन । कतिपय कुरा आयात पनि गर्नु पर्छ । तर सरदरमा आत्मनिर्भर हुने सोचका साथ अगाडी बढ्नुपर्छ । अहिले एक खर्बको खाद्यान्न आयात हुँदैछ । निर्यात पुग नपुग १० अर्व होला । १ खर्बको निर्यात पनि गर्न सक्यौं भने त्यसलाई आत्मनिर्भरताको एउटा अवस्था मान्न सकिन्छ । यसको सन्दर्भमा सन्तुलित दृष्टीकोण, उपयुक्त बुझाई हुनुपर्छ । रणनीति कार्यान्वयनका लागि कृषि योग्य जमिन छुट्याउने र त्यसलाई जोगाउने योजना प्राथमिकतामा राख्नुपर्छ । कृषि जमिनको चक्लाबन्दी र वर्गीकरणमा जोड दिनुपर्छ । रणनीति कार्यान्यनको आवधिक रुपमा मुल्यांकन हुनुपर्छ । किसानलाई बिज्ञ जस्तो र बिज्ञलाई किसान जस्तो बनाउने ढंगले काम गर्नपर्छ ।

**योगिता राई : खाद्य अधिकार सञ्जाल**

रणनीतिमा उत्पादनको हिसावले धेरै कुरा आएपनि खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ताको दृष्टीकोणबाट मौन छ । किसानहरुलाई आत्मनिर्भर बनाउने सोच देखिएन । आयबृद्धिको कुरा छ तर कसरी भन्ने छैन । किसान आयोगको कुरा राम्रो छ । उत्पादकत्व बृद्धिका माध्यमबाट पोषण सुरक्षा कायम गर्ने भनेकाले किनेर खाने कुरामा जोड दिईएको बुझिन्छ । उत्पादन, बितरण र उपयोगका लागि आम किसानहरुको निर्णय प्रक्रियामा सहभागिता हुने अवसर देखिदैन । एकातिर बैदेशिक

लगानीलाई अस्वीकार गरिएको छ । अर्कोतिर ब्यापारीकरणमा जोड दिईएको छ । यो कसरी तालमेल हुन्छ ? खाद्य तथा पोषण सुरक्षाका लागि साना तथा मझौला खालका उद्यम सञ्चालन गर्ने र त्यसमा महिला तथा पिछडिएका वर्गको सहभागिता रहने कुरा छ । कसरी भन्ने छैन ।

**भानु सिग्देल : नेपाल किसान संघ**

मैले राष्ट्रिय किसान सञ्जाल माथी अन्याय भएको महसुस गर्दैछु । रणनीति निर्माणका क्रममा सुझाव दिन जाँदा अंग्रेजी भाषाको समस्याले नहेन्द्र खड्का र प्रेम दंगाललाई संगै लगेर जान्थे । शब्द शब्द पढेर छलफल गरेपछि सहमति हुन्थ्यो । त्यति महिनेत गरेर बनाएको रणनीतिमा अहिले आफैले स्पष्टकिरण दिनु परेको छ ।

हरि रोक्काजीले कार्यपत्र प्रस्तुत गर्दा सकेसम्म कमजोरी औल्याउने मनसायले कुरा राख्नु भयो । प्रेम दंगालजी प्रतिपाद गर्ने हिसावले बोले । यो दुबै ठीक होईन । रणनीति बनाउने कार्यमा हाम्रो सहभागिता भएदेखि नै गैरसरकारी संस्थाहरुको सुझाव लिएका छौं । भूमि सुधार, भूमिहीन किसान र सिमान्तकृत किसानका बिषयमा पनि कुरा उठाएकै हो । तर कसले कति जग्गा पाउने ? कसरी पाउने भन्नेमा मापदण्ड तोकेनौं । किनकी मापदण्ड तोक्न हाम्रो सरकार छ । संसद छ । नियम कानून बनाउने उसले हो । एउटा प्रोजेक्ट मार्फत किन मापदण्ड तोक्ने भन्ने कुरा मैले नै उठाए र त्यो गरिएन । तर यसले भूमि सुधार गर्ने कुरालाई छेकेको छैन ।

**सिताराम तामाङ : फ्याक्ट नेपाल**

कृषि क्षेत्रको अनुभवमा म २ वर्षको नयाँ बिद्यार्थी । मेरो बुझाईमा कृषिलाई मात्र नेपालको सिंगो अर्थतन्त्रको रुपमा हेर्नु हुँदैन । कृषि बिकास रणनीति अर्थतन्त्रको एउटा पक्ष हो । अर्थतन्त्रको परिवेश हेर्दा हामी दुई शक्तिशाली देशको बीचमा छौं । उनीहरु भुगोल, राजनीति, अर्थतन्त्र सबै हिसावले बलिया छन । त्यसको असर

हामीमा परीरहेकै हुन्छ । अहिले भारतले नाकाबन्दी गरेको छ । कहिले जलस्रोत त कहिले राजनीतक बिषयमा हामीमाथी उसको दवाव भई नै रहन्छ । हामी सानो परिणामको अर्थब्यवस्थामा छौं । यसले सामन्तबादबाट हामीलाई बाहिर ल्याउन सक्दैन । पुजिवादमा जानका लागि ठूलो परिणामको उत्पादन योजना बनाउनुपर्छ ।

आर्थिक कृषि पद्दतीको दृष्टीकोणबाट कृषि बिकास रणनीतिले करार खेतीको अवधारणा ल्याएको छ । अवधारण स्पष्ट छैन । यसमा समावेश भएका प्रक्रिया अनुसार नै हामी जाने हो भने आत्मनिर्भरताको बाटो होईन ब्यापारिकरणको बाटो नै समातिन्छ । हामी गलत ठाउँमा पुग्छौं । यस रणनीतले हामीलाई बजारमै लैजान्छ । हाम्रो सोच एउटा, बाटो अर्को भयो ।

**डा. हरि दाहाल : पुर्व प्रबक्ता कृषि बिकास मन्त्रालय**

रणनीति निर्माण हुँदा म कृषि बिकास मन्त्रालयमा सहसचिव थिए । तर मेरो सहभागिता थिएन । मन्त्रालयको प्रवक्ता भएका नाताले यसको पक्षमा बोल्नु पर्थ्यो । तथापी म यस बिषयमा अलोचनात्मक धारणा राख्छु । कृषि किास रणनीतिले कृषि प्रसार योजनाको बिकल्प दिन सकेन । कृषि प्रसार योजनाका सफलता असफलताबारे चर्चा नभईकनै आएको दस्तावेज कसरी राम्रो हुन्छ ? यो दस्तावेज मिश्रीत खालको छ । म्याद सकिएको दस्तावेज पनि हो ।

देश संघियतामा गईसकेपछि संरचनागत हिसावले यसको म्याद सकियो । भूकम्प, नाकाबन्दी र राजनीतिक परिवर्तनले ल्याएको नयाँ परिवेशलाई यसले सम्बोधन गर्दैन । उत्पादकत्व बृद्धि, बजारीकरणसंगै यसले सुशासनलाई पनि रणनीतिक आधार बनायो । त्यो राणनीतिक आधार होइन । सबैले अपनाउनु पर्ने अनिवार्य प्रक्रिया हो ।

रणनीतिमा ब्यापारीकरणलाई महत्व दिईएको छ । यसले १० प्रतिशत किसान मात्र लाभानिवत हुन्छन । पोषण, खाद्य सुरक्षाका नाममा फुलबुट्टा भरेर बाँकी किसानको हित हुन सक्दैन । लक्ष्य, उद्देश्य र रणनीतिमा कमी कमजोरी छन ।

यसमा राखिएका डाटाहरु पुराना छन । जुन अहिलेको लागि सान्दर्भिक छैनन । १९९५ मा बनेको कृषि प्रसार योजनाले ८० प्रतिशत भूभागमा सिचाई सुबिधा पुर्‍याउने भन्यो । अहिले पनि त्यही राखिएको छ । कसरी सफल हुन्छ यो ?

**नहेन्द्र खड्का : अखिल नेपाल किसान संघ (क्रान्तिकारी)**

म रणनीति निर्माण प्रक्रियामा सहभागि भएको र कृषि मन्त्रालयसित जोडिएको नाताले आत्मआलोचना गर्छु । हामीले यसलाई नेपाली भाषामा प्रकाशन गर्न सकेनौं । अनुवाद गर्ने काम भइरहेको छ । चाडैं नेपालीमा आउँछ । यो कषि बिकासको रणनीति हो । रणनीति र कार्यनीति फरक कुरा हुन । रणनीतिमा सबै कुराको ब्याख्या हुँदैन । सांकेतिक रुप हुन्छ । कार्यनीतिमा ब्याख्या हुन्छ । यो कृषि बिकास मन्त्रालयको दैनक कार्य सञ्चालन गर्ने दस्तावेज पनि हो । त्यसैले सुशासनलाई रणनीतिको एउटा पिलरकै रुपमा राखिएको छ ।

रणनीतिमा समस्या छन । आईएफएडीले १६ करोड अनुदान दियो । कृषि बिकास रणनीति बन्न थालेको ६ महिनापछि हामीले थाहा पायौं । त्यसपछि हस्तक्षेप गर्‍यौं । त्यतिबैले संघियता सुहाउँदो रणनीति बनाउने अवस्था थिएन । हामीसित दुईओटा बिकल्प थियो, एक तेरो पैसा लैजा हामीलाई कृषि बिकास रणनीति चाहिदैन भन्ने । अर्को एकात्मक राज्यब्यवस्था अनुरुपकै रणनीति बनाउने । हामीले यस रणनीतमा टेकेर संघिय नेपालको रणनीति बनाउने सहमतिका साथ दोस्रो बिकल्प राज्यौं । त्यसैले यो केन्द्रीकृत एकात्मक राज्यब्यवस्था अन्तगर्तको कृषि रणनीति हो ।

यसलाई निर्माण गर्दा हामीसित निश्चित सिमा थिए । भूमि सुधारको कुरा लेख्न सकिएन । भूमि सुधार मन्त्रालय अलग्गै भएकाले हाम्रो कार्यादेशमा त्यो थिएन । तथापी लडेर उत्पादनका साधनमा किसानको पहुँच पुर्‍याउने कुरा गरेका छौं । पेज नं. ६२ को अनुच्छेद २०३ मा उत्पादनको साधन जमिनमा किसानको स्वामित्व नै कृषि बिकास रणनीतिको सफलताको महत्वपूर्ण आधार हो भन्ने कुरा उल्लेख गरिएको छ । जमिनसित जोडिएका समस्या सम्बोधन नगरी कृषि रणनीति

सफल हुँदैन भन्ने कुरा उल्लेख गरिएको छ। यसले भूमि सुधार गर्ने आधार दिएको छ।

यो भिन्न बिचार र वर्गको प्रतिनीधित्व गर्ने शक्तिहरुको सहमतिको दस्तावेज हो। अर्न्तराष्ट्रिय निकायको पनि सहमति छ। डाटा पुराना छन। अपडेट गर्दै जानुपर्छ। समय अनुसार धारणा परिवर्तन गर्नु पनि जरुरी छ। भूमि सुधारकै सन्दर्भमा पनि जमिनमा जोत्नेको अधिकार खोज्नु भनेको जमिनमा नीजि स्वामित्व कायम गर्नुपर्छ भन्ने हो। त्यो जनवादी धारणा हो। हामी समाजवादी धारणा अनुसार जान खोज्यौं भने जमिनमा सामुहिक स्वामित्वको कुरा उठाउनु पर्छ।

अर्को कुरा जानकारी गराउँ। रणनीति राम्रो बनेको थियो। यसमा किसानका अधिकार सुनिश्चित गरिएको थियो। तर यसलाई परिमार्जन गर्न, किसानका हितमा भएका ब्ययवस्था हटाउन १५ अर्वको प्रोजेक्ट आएको छ। उसले केही ऐन पनि प्रस्ताव गरेको छ। त्यसले किसानलाई अनुदान नदिने कुरा गर्छ। बजारीकरणमा जोड दिन्छ। त्यसैले त्यसका बिरुद्ध हामी सबै लड्नु पर्छ। कषि बिकास राणनीति अधिकतम् रुपमा प्रगतीशील छ। असल प्रयासलाई कार्यान्वयनमा लैजाउँ। संघियताका आधारमा परिमार्जन गर्ने प्रतिबद्धता यसैले गरेको छ।

## मा. जमिन्द्रमान घले : सदस्य, ब्यवस्थापिका संसद

कृषि बिकास रणनीति निर्माण कार्य अन्तिम चरणमा पुग्दा ब्यवस्थापिक संसदमा पनि छलफल भएको थियो। यो एक महत्वपूर्ण दस्तावेज बनेको छ। तर ठीक बेठीक भन्नेमै समय जाने हो कि भन्ने चिन्ता छ। अर्को कुरा दस्तावज राम्रो भएपनि यसको कार्यन्वयनमा कृषि बिकास मन्त्रालयले कस्तो नेतृत्व गर्न सक्छ भन्ने हो। अरु मन्त्रालयहरुको सहयोग कसरी लिन सक्छ ? भूमि सुधार नीति नै यसको महत्वपूर्ण पाटो भएकाले त्यस मन्त्रालयसितको समन्वय पनि महत्वपर्ण छ। पहिला उच्च पहाडी भेगमा धेरै भेडीगोठ हुन्थे। अहिले लोप हुँदे गएका छन।

त्यहाँ मासु उत्पादनका सम्भावना छन । त्यसलाई कसरी ब्यवस्थापन गर्न सक्छौं ? यो रणनीति खेतदेखि भेडीगोठसम्म पुग्न सकोस ।

**चित्र बहादुर श्रेष्ठ : अध्यक्ष, अखिल नेपाल किसान संघ (क्रान्तिकारी)**

कृषि बिकास रणनीति गतिशील दस्तावेज हो । सबै ठीक छ, भन्ने होईन तर देशको परिस्थिति आँकलन गरेर तयार भएको छ । अहिलेको अवस्थामा जे जति ल्याउन सकिन्थ्यो, ल्याएका छौं । यो संक्रमणकाल र राजनीतक बिमतिकाबीचबाट आएको दस्तावेज हो । तर पनि यसलाई दूरदराजका किसानहरुको सुझाव लिएर पूर्णता दिईएको छ । गरीब जनता र सरोकारवालाहरुकै सहभागिताबाट आएको दस्तावेज हुनाले कार्यान्यनमा लैजानुपर्छ ।

**डा. केशव खड्का : एसिया संयोजक किसान परियोजना**

आज रणनीतिको राम्रो चिरफार भएको छ । यसका सवल र कमजोर पक्ष केलाएका छौं । र यो ठूला किसान, मध्यम किसान, साना किसान, भूमिहीन तथा सिमान्तकृत किसानको मुद्दा सम्बोधन गर्ने प्रक्रियाको रुपमा आएको छ, भन्ने पनि महसुस गर्‍यौं । किसानको प्रतिनीधित्व होस भनी किसान आयोग, किसान अदालत, किसान कानूनको परिकल्पना गरिएको छ । दुर्गमका ग्रामीण किसानसम्म यो रणनीत पुगोस भन्ने हाम्रो चाहना छ । प्रत्येक गाबिसमा कम्तिमा ३ जना प्राबिधिक बाली बिज्ञ, पशुबिज्ञ, फलफूल बिज्ञ पुग्नु पर्छ भन्ने धारणा छ । यो समग्र आर्थिक बिकासको रणनीति होईन । कृषि बिकास रणनीति हो । कमी कमजोरी सच्याउन सकिन्छ । प्रत्येक २ वर्षमा पुनरावलोकन गर्ने प्रावधान राखेर समय सान्दर्भिक रुपमा परिमार्जन गर्दै जान सकिन्छ र त्यसको जिम्मेवारी किसान आयोगले लिन्छ । निर्णय कृषि मन्त्रालयले गर्छ । पक्ष बिपक्षबाट हेरेर पछाडी फर्किनु भन्दा यसलाई लगु गर्ने प्रयास गरौं ।

**डा. कृष्ण पौडेल : संयोजक, खाद्यका लागि कृषि अभियान**

कृषि बिकास रणनीति ठीक छ या बेठीक भन्ने बुझ्नका लागि सुदीप शाक्यले लेखको “अन्ली सी नेपाल” र भारतीय बिद्वान भरतमोहन सरदारले लेखेको “अर्गानिक रेगुलेशन” भन्ने किताव पढ्नुपर्छ र त्यसपछि मात्र बहस गर्न आउनुपर्छ । यो कृषि मन्त्रालयको मात्रै दस्तावेज हो भने यसलाई रणनीति मान्न सकिदैन । यो उसको योजना हो । कार्यान्वयन हुन सक्दैन । यसलाई परिमार्जन गर्न पनि बिश्वास गर्न सकिदैन । भूकम्पपछिको अवस्था सम्बोधन गर्ने कुरा समावेश गरिएन । जबकी यो रणनीति भूकम्प आएको धेरै समयपछि पारित भएको छ । मेरो बुझाईमा यो किसान सञ्जाल, कृषि मन्त्रालयका कर्मचारी र एसियाली बिकास बैंकको साझा दस्तावेज मात्रै हो । थप कुरा गर्नका लागि मैले तयार गरका २ ओटा किताव, “कृषि बिकास रणनीतिको प्रारुप, वर्तमान अवस्था र लिनु पर्ने बाटो” अर्को “खाद्यमुखी तथा प्रतिस्पर्धि कृषिका मूल सवाल र कार्यदिशा” पढी दिनु होला । त्यसपछि बहस गरौंला ।

## मा. हरिबोल गजुरेल : कृषि बिकास मन्त्री

आजको छलफल यस अर्थमा पनि महत्वपूर्ण छ कि पढेर भन्दा छलफलमा भाग लिएर बढी बुझ्न सकिन्छ । भाषा, समयको कारणले यो बाध्यता पनि छ । हामी कृषि बिकास रणनीति लागु गर्न जाँदै छौं । आज यो छलफल नभएको भए अन्यौलको स्थिति हुन्थ्यो । यसले धेरै बिषयमा स्पष्टता ल्याएको छ । छलफल भनेको वाद, प्रतिवाद र सम्बाद हो । निश्कर्ष निकाल्ने बैज्ञानिक पद्दती पनि यही हो । त्यसैले छलफलमा अक्रोस, उत्तेजना देखिनु स्वभाविक छ । त्यो नभई नयाँ कुरा नै निस्किदैनथ्यो ।

यस रणनीतिको क्रान्तिकारी कोण र यथास्थितिवादी कोणबाट पनि बिरोध भईरहेको छ । अहिलेको अवस्थामा यो बाहेक के हुन सक्थ्यो भन्ने पनि अर्को बिचारधारा पनि छ । यो सापेक्षित रुपमा सकारात्मक छ । कम्तिमा कामको शरुवात भएको छ । समस्या धेरै छन । कृषिका कुरा गर्दा भूमिको कुरा आउँछ नै । यसले भूमिको समस्या हल गर्ने अवस्था सिर्जना गर्दैन । भूमि सुधार कृषि सुधारको

महत्वपूर्ण पाटो हो । भूमि सुधार बिनाको कृषि सुधार लंगडो हुन्छ । परिवर्तनकामी शक्ति र अर्न्तराष्ट्रिय निकायको समर्थन सहित यो रणनीति आएकोले यसलाई सार्वजनिक गर्नु स्वभाविकै छ । भूकम्पपछिको परिवेश यसमा राख्न सकेनौं । कमजोरी भएको छ ।

हामी अप्ठेरो परिस्थितिमा छौं । अन्तरीाष्ट्रय समुदायलाई पुरै बेवास्ता पनि गर्न सक्दैनौं । पुरै स्वीकार गर्दा पनि नेपालीपन हराउँछ भन्ने डर । संघियताको आधारमा कृषि रणनीति बनाउँदा कृषि प्रसार योजनाको समय सकिने भएकोले तत्कालका लागि यो नीति तयार गरेको अर्थमा बुझ्दा राम्रो हाला ।

राष्ट्रिय पुजिको सिर्जना गर्दै समाजवाद उन्मूख कृषि हाम्रो संबिधानले अंगिकार गरेको छ । यो रणनीति मिश्रीत रुपमै आएको भएपनि संबैधानिक ब्यवस्थालाई साकार पार्न सुधार गर्दै लगिनेछ । आज बिषयबस्तु, परिस्थिति अनुसार सहभागिता र सम्वाद सबै राम्रो भएको छ । छलफलले नीतिलाई रोक्नु भन्दा सार्वजनिक गरि अगामी बाटो खोली दिनुपर्ने सन्देश दिएको छ । हामी केही सकारात्मक र परिणाम दिने ठोस काम गर्ने सोचका साथ अगाडी बढीरहेका छों । प्रधानमन्त्रीले पनि २ वर्षमा जनतालाई राहत दिन सकिने योजना ल्याउन भन्नु भएको छ । हामी कृषि बिकास सम्बन्धि नयाँ अवधारणा सार्वजनिक गर्दैछौं । यसका लागि पुर्व कृषमन्त्री, सचिवहरुको पनि राय लिने काम भईरहेको छ । किसान संगठन र संस्थाहरुको पनि सुझाव लिने छौं । कृषिको ब्यावशायकिरण, आधुनिकीकरण, औद्योगिकरण नगरी हुँदैन । साथै साना किसानहरुलाई पनि आत्मनिर्भर बनाउने योजना आवश्यक छ । दुई फरक फरक प्रकृतिका कामलाई कृषि रणनीतिले संगै लैजान सक्नुपर्छ । यसका लागि भूउपयोग नीति कार्यान्वयन गर्नु पहिलो आधार हो । भूमिको बर्गीकरण नगरी कृषि सुधार गर्छु भन्नु हास्यास्पद हुन्छ । अहिले राष्ट्रिय स्वाधिनताको मुद्दा महत्वपूर्ण भएकाले भूमि सुधार गर्न सकिने सम्भावना छैन । तथापी कृषि बिकासको बिन्दुबाट भूमि समस्या फुकाउँदै जानुपर्छ ।

**प्रा. डा. कैलाशनाथ प्याकुरेल :**

कृषि प्रसार योजना बनाउँदा म पनि सहभागि थिए । २२ ओटा बिषयमा कार्यपत्र तयार गरिएको थियो । मैले गरीबीको बिषयमा लेखेको थिए । हरि रोक्का लगायतका केही युवाहरु सुभाव दिन जानु हुन्थ्यो । त्यसलाई सम्पादन गर्ने काम जोन मेलरले गरेका थिए । एसियाली बिकास बैंकको सहयोग थियो । त्यसका प्रतिनीधि बेला बेलामा आउँथे । आफ्नै शैलीमा काम गराउन खोज्थे । दवाव पनि दिन्थे । एक दिन छलफल गर्दै थियौं । एसियाली किसान संघको प्रतिनीधि कार्यक्रम शुरु हुनु अघि नै आएर छेउमा बसेको थियो । हामीले केही सहभागिलाई अगाडी मेच छोडेका थियौं । उनीहरुलाई त्यहाँ बस्न लगाएपछि उसले बिरोध गर्‍यो । तपाईहरुको छलफल सहभागिमूलक भएन भन्यो । तपाईहरुको दिमाग सेट छ । कसरी नयाँ कुरा आउँछ । खुलेर छलफलै हुँदैन भन्यो ।

त्यो योजनामा सरकार र एसियाली बिकास बैंकले संयुक्त स्वामित्व लिने कुरा थियो । डकुमेन्ट तयार भईसकेपछि उसले धेरै कुरामा असहमति राख्यो । अनुदान हटाउनु पर्ने । बजारीकरणकमा जोड दिनु पर्ने लगायतका कुरा थिए । आफ्ना कुरा समावेश गराउन उनीहरुले अनेक प्रयास गरे । सरकारी अधिकारीहरुलाई सहमत गराउन परामर्शदताको रुपमा पुर्व मन्त्री, प्रधानमन्त्री भईसकेका मान्छे समेत ल्याउँथे । तरपनि हामीले नमानेपछि उसले बनी सकेको योजनामा सही गर्न मानेन । म राष्ट्रिय योजना आयोगमा थिए । मनमोहन अधिकारी प्रधानमन्त्री हुनुहुन्थो । दुबै जनाले भेटेर कुरा गर्दा पनि मानेनन । प्रधानमन्त्रीले आफ्नै सही गरि सार्वजनिक गरे । पछि उनीहरुको प्रतिनीधि आएर हस्ताक्षर गरिदियो ।

यस्तो परिवशका बावजूद पनि हामीले ३/४ वर्ष लामो छलफल गरेर यो रणनीति बनाएका छौं। यसमा राजनीतिक सहभागिता पनि छ। अहिले जेजति सुझाव आए, ति राम्रोका लागि आएका हुन। त्यसका आधारमा रणनीतिलाई बलियो बनाउँदै अगाडी जाउँ। समय परिवेश अनुसार परिमार्जन हुने भएकाले यसलाई लागु गराउने प्रयासमा गरौं। सबैको साझा दस्तावेज बनाउन कृषि मन्त्रालय भन्दा प्रधानमन्त्री कार्यालयको जिम्मेवारीमा राख्दा कार्यान्वयनमा बढी सहज हुने थियो भन्ने मेरो बुझाई पनि छ।

## बहसमा आधारित भई कृषि बिकास रणनीतिको समीक्षा

सकारात्मक पक्ष

- यस कृषि बिकास रणनीति निर्माण प्रक्रियामा राष्ट्रिय किसान सञ्जाल, संसदको कृषि तथा जलस्रोत समिति र गैरसरकारी संस्थाहरुको पनि संलग्नता रहेकाले यसको शुरुवात देखि परिमार्जनसम्म जनप्रतिनीधि, किसानका प्रतिनीधि र नागरिक अगुवाहरुको सहभागिता सुनिश्चित देखिन्छ। समय सापेक्ष परिमार्जनका लागि ब्यावहारिक कुरा उठाउने ज्ञान र क्षमता किसान प्रतिनीधिहरुले राख्दछन।
- रणनीतिले ग्रामीण क्षेत्रको गरीबी घटाउने। कृषि उत्पादनलाई सेवा र उद्योगसंग जोड्ने। आत्मनिर्भर र दीगो कृषिमा जोड दिने परिकल्पना गरेको छ। स्थानिय तहसम्म भौतिक तथा संस्थागत पुर्वाधार निर्माण र तिनिहरुको क्षमता बिकास तथा सुशासनमा जोड दिएको छ। कृषि अनुसन्धान र शिक्षालाई प्राथमिकतामा राखेको छ।
- कृषिमा प्रत्यक्ष बैदेशिक लगानी अस्वीकार गरिएको छ। स्थानिय बिउबिजनलाई महत्व दिईएको छ। जमिनको अधिकतम् उपयोग र

ब्यवस्थापनलाई कृषि रणनीतिको सफलतासंग जोडेर हेरेको छ । सिचाई, ग्रामीण सडक र बिधुतीकरणलाई कृषि बिकासको महत्वपूर्ण आवश्यकताको रुपमा ब्याख्या गरेको छ ।

- नीति निर्माण र कार्यान्वयन तहमा किसानको प्रतिनीधित्व गराउन स्थायी प्रकृतिको अधिकार सम्पन्न उच्चस्तरीय किसान आयोग बनाउने प्रस्ताव गरेको छ । किसानको हितमा काम गर्न एलायन्सहरु बनाउने । कृषि बजार पाठशाला सञ्चालन गर्ने कुरा गरेको छ । यसले किसानलाई संगठीत गर्न, सक्षम बनाउन र सुचनामा पहुँच बढाउन महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।
- कृषि क्षेत्रमा जागरण ल्याउन हरेक २ वर्षमा बृहत जागरण अभियान सञ्चालन गर्ने । रणनीति कार्यान्वयनको आवधिक मुल्यांकन गर्ने । सरकारले कृषि उत्पादनको न्युनतम् मुल्य निर्धारण गर्ने । किसानलाई अनुदान दिने । उनीहरुको मर्यादा र हकहितका लागि किसान कानून, किसान अदालत समेतको परिकल्पना गरेको छ । कृषि बिमा र क्षतिपुर्तिको कुरा ल्याएको छ ।

पुर्नबिचार गर्नु पर्ने

- रणनीति निर्माण प्रक्रियामा भएको संलग्नता र भौतिक तथा संस्थागत पुर्वाधार निर्माणको परिकल्पनाका आधारमा यसलाई महत्वपूर्ण दस्तावेज भनिएपनि यसले दिने परिणामको ठोस प्रस्ताव देखिदैन । उद्देश्य हेर्दा आत्मनिर्भर, प्रतिस्पर्धि र दीगो कृषिको परिकल्पना गरिएको छ । तर नतिजा हेर्दा ठूलो संख्यामा ग्रामीण घरमूलीहरु बिदेशिने देखिन्छ । दीगो कृषि बिकासको नतिजा त स्वदेशमै रोजगारी सिर्जना हुने कुरा हो ।
- उत्पादनको स्रोत जमिनको सही बितरण, उपयोग र ब्यवस्थापनलाई भूमि सुधार मन्त्रालयको जिम्मेवारी भनि पन्छाईएको छ । अहिलेसम्म कृषि क्षेत्र कमजोर हुनुको मुख्य कारण भूमि समस्या हो । त्यसलाई समाधान नगरी दीगो र आत्मनिर्भर कृषि कसरी हुन्छ ? कृषि बिकास मन्त्रालय बाहेक अरु

निकायलाई यस क्षेत्रमा ल्याउन नसक्ने रणनीति कसरी 'कृषि विकास रणनीति' हुन्छ ?

- कृषि क्षेत्रमा हुने लगानीको प्रक्रिया हेर्दा ठूला किसानले प्रत्यक्ष रुपमा पर्याप्त स्रोत पाउने । निर्वाहमुखी किसानले समावेशी सिद्धान्तका नाममा केही राहत पाउने । भूमिहीन, सिमान्तकृत किसानलाई मजदुर बनाएर श्रमशोषणमै राख्ने मनासय देखिन्छ । यसले जमिनको पहुँचमा भएको असमानता त हटाउन सक्दैन नै । कृषिका लागि हुने लगानीमा पनि योजनाबद्ध ढंगले बिभेद हुन्छ ।
- नीति, योजना बनाउँदा एउटा मन्त्रालयको लागि बनाउने । कार्यान्वयनमा जाँदा समन्वयको अभाव देखाउने पुरानै चलन हो । कृषि बिकास रणनीति पनि यसबाट मुक्त हुन सक्ने सम्भावना देखिदैन । यो कृषिसित सरोकार राख्ने सबै मन्त्रालयको साझा दस्तावेज हुनु पर्थ्यो । यसमा वन, सिँचाई, भूमि सुधार मन्त्रालयले अपनत्व नलिएमा कसरी हाम्रा लक्ष्यहरु पुरा हुन्छन ?